नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## आर्थिक तथा वित्तीय विषयसम्बन्धी अन्तराष्ट्रिय सम्मेलन सम्पन्न

नेपाल राष्ट्र बैंकद्वारा आयोजित दोस्रो आर्थिक तथा वित्तीय विषयसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (2nd International Conference on Economics and Finance) २०७१ फागुन १४-१६ गते काठमाडौंमा सम्पन्न भयो । तिन दिनसम्म चलेको सो सम्मेलनमा १२ राष्ट्रका अर्थशास्त्र, वित्तीय, मौद्रिक, व्यवस्थापन लगायतका विषयका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरुका ५० भन्दा बढी कार्यपत्र प्रस्तुत गरिएको थियो । सम्मेलनमा प्रस्तुत गरिने अनुसन्धान पत्र एवम् कार्यपत्रको निचोडबाट मुलुकको समष्टिगत आर्थिक स्थायित्व, आर्थिक विकास, गरिबी निवारण तथा वित्तीय क्षेत्रको विकास सम्बन्धी नीति निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको थियो । सम्मेलनमा मुलुकका आर्थिक क्षेत्रका नीति निर्माताहरू, विश्व विद्यालयका प्राध्यापक तथा अनुसन्धानकर्ता एवम् बैंक तथा वित्तीय क्षेत्रका विज्ञ व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।



सम्मेलनको उद्घाटन २०७१ फागुन १४ गते प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले गर्नुभएको थियो । सो अवसरमा उद्घाटन मन्तव्य व्यक्त गर्दै माननीय मन्त्री डा. महतले ९० को दशकपछि मुलुकले अवलम्बन गरेको आर्थिक उदारीकरणको परिणामस्वरूप वित्तीय सेवा, सोको विविधीकरण, सुपरिवेक्षकीय क्षमता आदि क्षेत्रमा व्यापक विस्तार भएको चर्चा गर्नु हुँदै अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता बढ्दै जानु सकारात्मक रहेको चर्चा गर्नुभयो । वित्तीय क्षेत्रको संरचनामा महत्वपूर्ण परिवर्तन भएको भए पनि यस क्षेत्रको सुदृढीकरण तथा पहुँचको आवश्यकतामाथि प्रकाश पार्दै उहाँले नेपालमा आर्थिक विकासको व्यापक सम्भावना रहेको र अबको समय विदेशी लगानी आकर्षित गर्दै तीव्र आर्थिक वृद्धिमार्फत आर्थिक विकासमा अघि बढ्न आवश्यक रहेको स्पष्ट पार्नुभयो ।




कार्यक्रममा Keynote Speaker को रूपमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. युवराज खतिवडाले विश्व वित्तीय सङ्कट र युरोपको आर्थिक

सङ्कटले केन्द्रीय बैंकको भूमिकामा परिवर्तन आएको चर्चा गर्नुहुँदै केन्द्रीय बैंकहरूले मौद्रिक तथा कर्जा नीति, वित्तीय क्षेत्र विकास, वित्तीय स्थायित्व, वित्तीय समावेशिता तथा विनिमयदर व्यवस्थापन मार्फत आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन सक्ने विचार व्यक्त गर्नुभयो । वित्त नीतिको भूमिका प्रभावकारी हुन नसकेको अवस्थामा केन्द्रीय बैंकले सहयोगी भूमिका खेल्नु पर्ने आवश्यकतामाथि उहाँले जोड दिनुभयो । केन्द्रीय बैंकको भूमिका केवल मौद्रिक स्थायित्व मात्र नभएर आर्थिक वृद्धिमा समेत केन्द्रित हुनुपर्ने चर्चा गर्नुहुँदै गभर्नर डा. खतिवडाले केन्द्रीय बैंक एकल उद्देश्यमा मात्र केन्द्रित हुन नसक्ने धारणा प्रस्तुत गर्नुभएको थियो । वित्तीय संस्थाहरूको संख्यात्मक विस्तार मात्र नभएर गुणात्मक विकासको आवश्यकतामाथि जोड दिँदै उहाँले वित्तीय संस्थाको कुशल सेवा प्रवाह र नतिजामुखी कार्यशैलीको आवश्यकतामाथि जोड दिनुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै डेपुटी गभर्नर श्री गोपाल प्रसाद काफ्लेले केन्द्रीय बैंकको सिद्धान्त र व्यवहारमा धेरै परिवर्तन भएको सन्दर्भमा यस प्रकारको सम्मेलनले अन्तरसंस्थागत अनुभव र ज्ञानको आदान-प्रदानबाट समष्टिगत आर्थिक स्थायित्व, आर्थिक वृद्धि तथा उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

धन्यवाद मन्तव्यको क्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले सम्मेलनको क्रममा आदान-प्रदान हुने सैद्धान्तिक र व्यावहारिक निष्कर्षले नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

सम्मेलनको क्रममा दुई दिनसम्म तिनवटा समानान्तर सेसन सञ्चालन भएका थिए । जसमध्ये वित्तीय क्षेत्र विकास, आर्थिक वृद्धि र गरिबी निवारण, विनिमय दर, अन्तराष्ट्रिय व्यापार तथा पुँजी आप्रवाह, समावेशी वित्त तथा वित्तीय साक्षरता, कर्जा तथा पुँजीबजार, लघु वित्त, सशक्तीकरण तथा उद्यमशीलता, मौद्रिक नीति र मुद्रास्फीति, वित्तीय प्रणाली, वित्तीय स्थायित्व र संस्थागत सुशासन, सार्वजनिक वित्त र वित्त नीति, मुद्रा, बैंकिङ र वित्तीय नीतिहरू, विप्रेषण र श्रम आप्रवासन तथा उद्योग र खाद्य सुरक्षा विषयका जम्मा १८ वटा सेसन सम्पन्न भएका थिए । जसमा सम्बन्धित क्षेत्रका विज्ञहरूबाट ५० वटा कार्यपत्र प्रस्तुत गरी व्यापक रूपमा छलफल गरिएको थियो ।

सो सम्मेलनको दोस्रो दिन स्टेट बैंक अफ पाकिस्तानका गभर्नर असरफ महमुद वार्थाले मुख्य अतिथि मन्तव्य व्यक्त गर्नुभएको थियो ।




सो अवसरमा उहाँले समावेशी वित्तका माध्यमबाट समन्यायिक आर्थिक वृद्धिको प्रवर्द्धन (Promoting Equitable Economic Growth Through Inclusive Finance) विषयमा वार्ता प्रस्तुत गर्दै पाकिस्तानले वित्तीय पहुँच अभिवृद्धिका क्षेत्रमा अवलम्बन गरेका नीतिगत, प्रक्रियागत तथा सुपरिवेक्षकीय विषयमा विस्तृत प्रकाश पार्नुभएको थियो ।

लघु वित्त ऐन ल्याउने दक्षिण एसियाको पहिलो राष्ट्र पाकिस्तान भएको चर्चा गर्दै उहाँले पाकिस्तानले सबैका लागि वित्तीय सेवाको अवधारणा अवलम्बन गरिरहेको जानकारी दिनुभयो । वित्तीय पहुँच अभिवृद्धिमा प्रविधिले महत्वपूर्ण सहयोग गर्ने धारणा राख्दै उहाँले लघु वित्त सेवाको सञ्चालन खर्च उच्च रहने परिप्रेक्ष्यमा पाकिस्तानमा लघुवित्तको लागत न्यून रहेकाले यस क्षेत्रले पाकिस्तानबाट पाठ सिक्न सक्ने धारणा राख्नुभएको थियो । उहाँले पाकिस्तानमा अवलम्बन गरिएका मोवाइल बैंकिङ, शाखारहित बैंकिङ लगायत प्रविधि बैंकिङ र वित्तीय सूचना प्रणालीका बारेमा समेत प्रकाश पार्नुभएको थियो ।

## समापन कार्यक्रम

सो सम्मेलन २०७१ फागुन १५ गते समापन गरिएको थियो ।



समापन कार्यक्रममा कार्यपत्र प्रस्तुतकर्ताहरूलाई गभर्नर डा. युवराज खतिवडाले प्रमाणपत्र तथा डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले मायाको चिनो प्रदान गर्नुभएको थियो भने कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले कार्यक्रमबारे सङ्क्षिप्त समीक्षा र निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले सहभागी तथा सम्मेलन सफल बनाउनुहुने सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो भने कार्यपत्र प्रस्तुतकर्ता तथा सहभागीका तर्फबाट बिरला इन्स्टिच्युट अफ साइन्स एण्ड टेक्नोलोजी, भारतका ए.के. गिरीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

२०७१ फागुन १७ गते, आइतवार

गभर्नरको कार्यालय